वर्ष : २०, अंक : २३, काठमाडौं, २०८१ कार्तिक ३० गते शुक्रबार, 15 November, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# मुख्यमन्त्री सिंहले गरे चुरे संरक्षणमा बेलायती सहयोगको



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपालको विकास प्रक्रियामा बेलायती सहयोगको सराहना गरेका छन् । उनले नेपालको विकासमा बेलायतको निरन्तर, उत्साहप्रद र उपलब्धिमूलक सहयोग रहँदै आएको भन्दै पछिल्लो समयमा नेपालका भुईंतहका आवश्यकताअनुसार सहयोग परियोजना सञ्चालन गर्ने बेलायती सरकारको प्रयास प्रशंसनीय रहेको उल्लेख गरे ।

बेलायत सरकारको वातावरण मैत्री आर्थिक वृद्धि कार्यक्रमका टोली नेता सामसहितका अधिकारीहरूसँग जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार भएको भेटमा मुख्यमन्त्री सिंहले मधेश प्रदेशसहित देशले जलवायु परिवर्तनलगायत पर्यावरणीय संकट भोगिरहेको भन्दै नेपाललाई हरितपथ विकासमा ल्याउन वैदेशिक लगानी आउनु सुखद रहेको बताए ।

उनले देशले कम कार्बन उत्सर्जन गरे पनि त्यसबापत पाउनुपर्ने क्षतिपूर्तिका विषयमा अन्तर्राष्ट्रिय समुदाय गम्भीर हुनुपर्ने विषयमा नेपाल सरकारले गराउँदै आएको ध्यानाकर्षणबारे चर्चा गर्दै जलवायु परिवर्तनका कारण मधेश प्रदेशले बाढीपहिरो, खेतीयोग्य जग्गाको कटान, पटान र भसान, खानेपानी तथा सिँचाइ जलको सङ्कट आदि भोगिरहेको उल्लेख गरे ।

उनले भने, 'गर्मीयाममा सुख्खा हुन्छ । जाडोयाम जानेबेलामा ठिहियाउने चिसो हुन्छ होला । अहिले स्वेटर लगाउने बेलामा पसिनाले निथ्रुक्क भिजाइरहेको छ ।'

मुख्यमन्त्री सिंहले चुरे संरक्षणका लागि पुनर्जलीयकरण र जलपुनर्भरण गरी भूमिगत जलको सतहवृद्धि गर्ने, मधेश प्रदेशको पूर्वदेखि पश्चिमसम्म नदी जोड्ने योजनाबाट पानी व्यवस्थापन गर्ने, बगरलाई पुनः कृषि भूमिमा परिणत गर्ने, बाढी व्यवस्थापन गरी सिँचाइ जलको उपलब्धता बढाउने योजनामा प्रदेश सरकारले काम गरिरहेको भन्दै ती काममा बेलायती सहयोगको अपेक्षा गरे । मुख्यमन्त्री सिंहले प्रदेश सरकार सार्वजनिक तथा निजी साझेदारीमा औद्योगिकीकरणको सम्भावनामाथि नीतिगत तथा कार्यगत प्रक्रिया अघि बढाइसकेको जानकारी दिँदै प्रदेशमा ठूलठूला उद्योग स्थापना गर्न बेलायत सरकारमार्फत वैदेशिक लगानीको अपेक्षासमेत गरे ।

उनले प्रदेश सरकारको महत्वाकांक्षी, अपरिहार्य र महत्त्वपूर्ण योजनाका रूपमा रहेका आइटी पार्क, साक्षरता अभियान र टिच फर मधेशमा समेत बेलायती सहयोगको खाँचो रहेको औंल्याए ।

मुख्यमन्त्री सिंहले प्रदेशको आवश्यकताअनुसार आफ्नो आग्रहमा बेलायत सरकारले फोहोरमैला व्यवस्थापन, पर्यटन विकासलगायत परियोजनाबारे अध्ययन गरिरहेकोमा सोको उच्च प्रशंसा गर्दै इनोभेसन सेन्टर, शिक्षकका लागि एड्भान्स तालिम केन्द्र आदिका लागि पनि बेलायत सरकारको मद्दत आवश्यक भएको बताए । ग्रीन ग्रोथ नेपाल बेलायत सरकारको नयाँ कार्यक्रम हो ।

सन् २०२४ देखि २०३१ सम्म सञ्चालन हुने यो कार्यक्रमले नेपालमा हरित, दिगो र समावेशी विकासलाई बढावा दिनेछ । कार्यक्रमले स्थायी आर्थिक नीतिलाई मजबुत गर्दै हरित र जलवायुमैत्री आधारभूत संरचना, हरित उद्योग र सेवामा लगानी विस्तार गर्नेछ । यसले नेपालको सतत् विकासलाई रेखांकित गर्दै पर्यावरण र प्राकृतिक सम्पदाको रक्षा गर्दै समृद्धिमा मद्दत गर्नेछ । कार्यक्रमले हरित, जलवायुमैत्री र कम कार्बन उत्सर्जन हुने सहरीकरणलगायत पूर्वाधार विकासमा जोड दिनेछ ।

## राजेन्द्र महतोले निर्वाचन आयोगमा दर्ता गराए 'राष्ट्रिय मुक्ति पार्टी नेपाल'



काठमाडौं । राजेन्द्र महतोले निर्वाचन आयोगमा 'राष्ट्रिय मुक्ति पार्टी नेपाल' नामक राजनीतिक दल दर्ता गराएका छन् ।

महतोले आफ्नो नेतृत्व गत असोज १ गते राष्ट्रिय मुक्ति क्रान्ति नेपाल नामक दलको घोषणा गरेका थिए तर निर्वाचन आयोगले क्रान्ति शब्द राखेर दल दर्ता गर्न अस्वीकार गरेपछि नयाँ नाम प्रस्ताव गरेका हुन् । राष्ट्रिय मुक्ति पार्टी नेपालको चुनाव चिन्ह माछा प्रस्ताव गरिएको छ ।

## काठमाडौंसहित मधेशको सडकमा एकै दिन उत्रिँदै आजपा



काठमाडौं । आम जनता पार्टी (आजपा) ले शनिबार एकैदिन काठमाडौं र मधेशमा विशेष कार्यक्रम सुरु गर्दैछ । काठमाडौंमा 'सरकारको मनपरी कर आतंक बिरुद्ध प्रदर्शन' हुदैछ भने उता मधेश प्रदेशको सप्तरीको राजविराजबाट 'भ्रष्टाचार बिरुद्ध मधेश यात्रा' सुरु हुदैछ ।

आजपाको काठमाडौं उपत्यका विशेष कमिटीको आयोजनामा 'सरकारको मनपरी कर आतंक बिरुद्ध प्रदर्शन' कार्यक्रम शनिबार बिहान १२:३० बजे काठमाडौंको शान्तिवाटिकाबाट सुरु हुदैछ । काठमाडौं उपत्यका विशेष कमिटीका उपाध्यक्ष रविन्द्र सिंहले तीनै तहको सरकारले मनपरी कर वृद्धि गर्दै आम जनताको ढाड भाच्ने र लुट मचाउदै राज्यको ढुकुटी लुटिरहेकाले आजपा सडकमा उत्रिनुपरेको बताए ।

उता शनिबार नै आजपा प्रदेश कमिटीको आयोजनामा 'भ्रष्टाचार बिरुद्ध मधेश यात्रा' कार्यक्रम पनि सुरु हुदैछ । आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहको प्रमुख आथित्यमा सप्तरीको राजविराजबाट शुरु हुने भ्रष्टाचार बिरुद्धको मधेश यात्रा कार्यक्रम मधेशका सबै जिल्ला हुदै पर्साको बीरगंजमा पुगेर समापन हुन्छ ।

पाँच दिनसम्म चल्ने सो भ्रष्टाचार बिरुद्धको मधेश यात्रा कार्यक्रम मधेशका बिभिन्न जिल्लामा भेला, बैठक, खबरदारी सभा, अन्तरक्रिया, भेटघाट लगायतका कार्यक्रम तय गरिएको सिंहले जनाएका छन् । सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा हुदै पर्सा पुगेर समापन हुने भ्रष्टाचार बिरुद्धको मधेश यात्रा कार्यक्रम विशेष गरी हुलाकी राजमार्ग हुदै विभिन्न कार्यक्रम हुनेछ ।

## संविधान कसैको शासनको स्थायित्वको औजार होइन : तमलोपा अध्यक्ष लाल



सिरहा । तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष बृषेशचन्द्र लालले नेकपा एमाले र नेपाली कांग्रेसको वर्तमान गठबन्धन राज्यको संघीय बहुदलीय लोकतान्त्रिक संरचनालाई द्विदलीय नयाँ संस्करणको एकात्मकतामा उल्टाउन खोजेको बताएका छन् ।

अध्यक्ष लाल संयुक्त मधेश संघर्ष समितिद्वारा आज गोलबजार, सिरहामा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै यसो बताएका हुन् । उनले, -"वर्तमान संविधानमा संशोधनको प्रतिगमनकारी खेस्रा बन्द कोठामा तयार भइरहेको, राजतन्त्र जस्तै संविधानको संशोधन केही व्यक्तिहरुको स्वार्थमा आयोग वा कुनै कार्यदलबाट ल्याउन खोजिएको" बताउँदै संविधान जनताको सहमतिको दस्तावेज हो, देशको जनताको मूल कानून हो यो कसैको शासनको स्थायित्वको औजार होइन र त्यसैले हामी त्यस्तो कुनै प्रतिगमनकारी काम हुन दिदैनौं । यस निम्ति जस्तो कुनै संघर्ष गर्न तयार छौं । अहिले सबै संघीयतावादी समावेशिता चाहने शक्ति एक हुनु आजको आवश्यकता रहेको" बताए ।

यसै खबरदारी सभालाई सम्बोधन गर्दै पूर्वमन्त्री माओवादी नेता मातृका प्रसाद यादवले, -"संघर्ष नगरी न हुने भएको छ । समावेशिता र संघीयता समाप्त गर्ने वर्तमान गठबन्धन विरुद्ध संघर्षको तयारी थालिहाल्नु पर्दछ । हरेक पालिका र त्यसको वडाहरुमा खबरदारी कार्यक्रम गरी संघर्षको निम्ति संगठित हुनु आजको आवश्यकता रहेको" बताए । तराई-मधेश लोकतान्त्रिक पार्टीको वरिष्ठ नेता डा. विजय कुमार सिंहले संविधान संशोधनको माग जनताको माग हो तर अग्रगामी संशोधनको माग हो भन्दै प्रदेशलाई निर्वाचन क्षेत्र तोकी पूर्ण समानुपातिक समावेशी पद्धति लागू गरिनु पर्ने माग गरे । डा. सिंहले थ्रेसहोल्ड समाप्त गर्नु पर्ने पनि भने ।

हेमन्त कुमार यादवको अध्यक्षतामा सम्पन्न सो खबरदारी सभामा पूर्वमन्त्री महेन्द्र पासमानले काँग्रेस-एमाले आफ्नो वर्चस्व कायम गर्न खोजेको छ भन्दै संघीयता र समावेशिताको निमित्त हामी एक पटक फेरि कडा संघर्षको निमित्त तयार रहेको बताए । संविधान सभा सदस्य र माओवादी नेता जगतप्रसाद यादवले संविधानको संशोधन जनताको आकांक्षा अनुरुप हुनु पर्ने कसैको स्वार्थमा लहडमा गर्न खोजिए अस्वीकार्य हुने भनेका थिए । एकीकृत समाजवादीको नेता संविधान सभा सदस्य शीतल झाले पूर्ण समानुपातिक समावेशी निर्वाचन पद्धति नै अहिले निर्वाचनमा देखिएका विकृतिहरुको एक मात्र इलाज हो भने । खबरदारी सभामा, पूर्व राज्यमन्त्री बोधमाया यादव,कुमार लामा लगायतले आफ्नो मनतव्य राखेका थिए ।

# नेपाल-भारत सम्बन्धमा कमला नदी स्नानको भूमिका




जनकपुरधाम । नेपाल र भारतबीच सांस्कृतिक, धार्मिक, र ऐतिहासिक सम्बन्धले गहिरो जरा गाडेको छ। यी दुई देशका जनताबीचमा धार्मिक परम्परा र चाडपर्वहरूले विशेष नजिकको सम्बन्ध राख्छन्। यसै सन्दर्भमा, कार्तिक पूर्णिमामा हुने कमला नदी स्नानले नेपाल र भारतबीचको धार्मिक-सामाजिक सम्बन्धलाई अझै प्रगाढ बनाउँदै आएको छ।

यसै अवसरमा नेपाल भारत खुला सिमा संबादले नेपाल भारतबाट आएका साधुसंतहरुको लागी संस्थाको मधेश प्रदेश सहसंयोजक दिपक यादवको संयोजकत्वमा साधु सम्मान र भंडाराको आयोजना गरिएको छ।करीब दुइसय संख्यामा रहेको साधु संतहरुलाइ च्युरा,दहि चिनी,तरकारी अचारको भंडारा(खाना) गरिएको थियो।

कार्तिक पूर्णिमा र कमला नदी स्नानको महत्वको बारेमा बोल्दै संस्थाको केन्द्रिय अध्यक्ष राजीव झाले कार्तिक पूर्णिमा हिन्दू धर्मको पवित्र पर्व हो, जसमा विशेषगरी धार्मिक अनुष्ठान, स्नान, र पूजापाठ गर्ने गरिन्छ। यस दिनलाई "देव दिवाली" पनि भनिन्छ। यो दिन गंगा, सरयू, यमुना, र नेपालका नदीहरूमा स्नान गर्ने परम्परा छ। जनकपुर क्षेत्रका श्रद्धालुहरूको लागि विशेषगरी कमला नदीमा स्नान गरेर पुण्य प्राप्त गर्ने मान्यता रहेको छ बताउनु यो अवसरमा कमला नदीको किनारमा मेला लाग्ने गर्छ, जहाँ नेपाल र भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुहरूले सामूहिक रूपमा स्नान गर्छन्।

प्रदेश सह संयोजक दिपक यादवले नेपाल-भारत सम्बन्धमा कमला नदी स्नानको भूमिकाको बारेमा बोल्दै कमला नदी नेपाल र भारतको सीमामा पर्ने नदी हो। यसरी नेपाल र भारतका बासिन्दाले एकै स्थानमा स्नान गर्ने परम्पराले सांस्कृतिक आदान-प्रदानको अवसर सिर्जना गर्दछ। कार्तिक पूर्णिमाको यस विशेष स्नानमा दुवै देशका जनताबीचको आपसी मेलमिलाप, सद्भाव, र सहकार्यलाई प्रवर्द्धन गर्न योगदान गर्दछ भन्नू भयो।

संस्थाका कार्यालय सचिव कृष्ण कुमार साह नेपाल र भारतबीच धार्मिक-विकासमा पनि कमला नदी स्नानको महत्त्वपूर्ण भूमिका रहेको छ। हरेक वर्ष मेला भर्न आउने हजारौं तीर्थयात्रीहरूले पर्यटन क्षेत्रलाई चलायमान राख्छन्, जसले स्थानीय व्यवसायलाई पनि मद्दत पुऱ्याउँछ। साथै, दुई देशका स्थानीय प्रशासनले यस पर्वलाई व्यवस्थित बनाउन सहकार्य गर्दै आएका छन्, जसले दुई देशबीचको प्रशासनिक सम्बन्धलाई अझ बलियो बनाउने काम गर्छ बताउनु भयो।सतोखर घाट मन्दिरको महन्त श्री शिव दयाल दास बाबाले कार्तिक पूर्णिमामा हुने कमला नदी स्नान केवल धार्मिक परम्परामा मात्र सीमित नभएर नेपाल-भारत सम्बन्धलाई अझ गहिरो बनाउन महत्त्वपूर्ण साधन बनेको छ। धार्मिक र सांस्कृतिक सहकार्यको प्रतीक यस पर्वले नेपाल र भारतका जनताबीचको ऐक्यतालाई प्रगाढ बनाउँदै लैजाने विश्वास गर्न सकिन्छ बताउनु भयो।उक्त कार्यक्रममा सबैला नपाको मेयर ,वार्ड अध्यक्ष क्लोथ बैक नेपालको धनेश्वर ठाकुर लगायत स्थानीय भरभला आदमीहरुको सहभागिता रहेको थियो।

## सम्पादकीय

# मधेश कित्ताभित्र विद्वान र इमान्दार नेता छुट्याइनु पर्छ

मधेशका अधिकारवादी आन्दोलनलाई यहाँसम्म ल्याइपुर्‍याउन अथक प्रयास गरेकाहरू आफ्नै समुदायका खसभक्तहरूबाट ठगिएका छन् । पैसा, जाति र खससेवाबाहेक केही हेर्न नचाहेका मधेशी नेताहरूको बेइमानी र समर्थनकै कारण नेपालको कार्यपालिका, न्यायपालिका र पत्रकारिता क्षेत्रमा मधेश र मधेशीले उचित स्थान पाउन सकेन । मधेश कित्ताबाट राजनीति गर्दै आएका नेताहरूले पैसाको चलखेल गरी पार्टी फुटाउने र ठूला दलको पाउँपुजा गरेर सत्ता प्राप्त गर्ने चरित्रबाट मधेश लाभान्वित हुन सकेन । मधेश मुद्दामा वर्षौंदेखि इमान्दार प्रयास गर्दै आएका विभिन्न क्षेत्रका बौद्धिक जनशक्ति आफ्नै नेतृत्वबाट थप विभेदमा परेपछि मधेशमा अपमानित भएर बस्नुभन्दा नेपालबाहिर गएर सम्मानपूर्ण जीवनयापन गर्न बाटो रोज्दैछन् । वि.सं. २०६२ देखि आजसम्म सयौं आनदोलनकारी, बुद्धिजीवी र युवा-विद्यार्थीहरू मधेश र राजनीति कित्ताबाट पयालनै भइसकेका छन् भने हजारौं पलायनको प्रक्रियामा छन् । ठूला दलले मधेशलाई दमन गर्‍यो भनी नारा दिनेहरू जब आफ्नो हातमा मन्त्रालय पाए उनीहरूले थप दमन गरे । शिक्षा, स्वास्थ्य, कृषि, भौतिक योजना, सञ्चार, विज्ञान, कानून, गृहलगायतका महत्वपूर्ण मन्त्रालय पाउँदा पनि अवसर, योजना र बजेट गैरमधेशीहरूकै निमित्त प्रयोग गरे । मधेशका लागि राजनीति गर्नुको साटो मधेश मुद्दामाथि राजनीति गरे । बौद्धिक तर बेइमान मधेशी नेताहरूको कार्यशैली र परिणामप्रति असन्तुष्ट सिंगो मधेश र मधेशका बौद्धिक जनशक्ति अब नयाँ पार्टी, नयाँ अनुहार र नयाँ शैलीको खोजीमा छन् । मधेशको भविष्य थप अन्धकार भएकोले मधेशबाट प्रतिभाहरू पलायन हुँदैछ । प्रतिभाविहीन मधेश र त्यसमाथिका मुद्दाका व्यापारिक नेताहरूलाई दूरगामी असर पर्नेछ । मधेशमा नेतृत्व लिन चाहेका नेपालीहरूले प्रतिभा पलायनका खतराबाट मधेशलाई समयमै जोगाउन सक्नुपर्छ । चर्को र क्रान्तिकारी भाषण दिएर आकर्षक अवधारणासहितको दल खोली सत्तासीन भएका मधेशी मन्त्री र नेताहरूबाट गत १६ वर्षमा थप विभेद र अन्यायको शिकार हुनु परेका आम मधेशीहरू आफ्नै नेतृत्वबाट ठगिएका छन् । जनमत आकर्षित गर्न मधेशमा चर्को भाषण, आश्वासन र उपहारको राजनीति प्रारम्भ भएको छ । भ्रष्टाचार गरी कमाएका अकूत सम्पत्तिमध्ये केही प्रतिशत बराबरको भौतिक सामग्री वितरण गरी लोकप्रियता प्राप्त गर्ने रणनीतिमा मधेशका केही नेताहरू लागिपरेका छन् । जनतालाई सोझा वा मुर्ख ठान्नेहरू मधेशमा सामान वितरण गरी जनाधार तयार गर्न सकिन्छ कि भन्ने सोचमा छन् । मधेश कित्तामा राजनीति गर्ने नेताहरू कसले कसलाई र किन गाली गर्छन् ? काठमाडौंमा सहकार्य गर्ने र मधेशमा विरोधीझैं प्रस्तुत हुने, मधेशवादको नाममा सत्तारोहण गरी भ्रष्टाचार गर्ने र मधेशमा पुग्दा आफू पहाडीपीडित भएको गुनासो गर्ने प्रवृत्तिबाट आममधेशी जनता भिज्ञ भइसकेका छन् । मधेशको जल, जमिन र जंगलको संरक्षण दिन नसकेका मधेशवादी नेताहरू कसका लागि र किन मधेशमा सक्रिय छन् भनी सबैलाई थाहा छ । आ-आफ्नो पार्टीबाट मधेश कित्तामा राजनीति गर्न हामफालेका मधेशी मूलका नेताहरूको आगमनबाट हर्षित भएका आममधेशीहरू ती नेताका भित्री कुरा र चरित्र बुझिसक्दा दुःखित भएका छन् । मधेशमा शिक्षा, कृषि, रोजगार, शान्ति, विकास र सम्मानको मुद्दालाई थाँती राखेर भ्रष्टाचार, जातिवाद र खसभक्ति गरेका अधिकांश मधेशी नेताका अनुहार उदाङ्गिएको छ । सरकारमा जान मोर्चाबन्दी गर्ने र जेल जानुपर्दा मोर्चालाई गाली गर्ने । आफू सरकारमा हुँदा कांग्रेस, एमाले र माओवादीभित्रका मान्छेलाई स्थान दिएर मधेशवादीहरूको मानमर्दन गर्ने र सरकारबाट बाहिर निस्केर चरम मधेशवादी बन्न खोज्ने दोहोरो चरित्रबाट मधेशवादको राजनीति फोहोर भएको छ । ठूला दलका सिपाहीहरूलाई ठूला दलमै फर्काइनु पर्छ । मधेशप्रति ममत्व र मधेशी जनताप्रति इमान्दार नरहेका सत्तास्वार्थी भ्रष्ट नेताहरूमाथि थप छानबिन गरेर मात्र कुनै अवधारणा बनाइनुपर्छ । विद्वान हुनु र इमान्दार हुनु बिल्कुलै फरक कुरा भएकोले मधेश कित्ताभित्र पनि विद्वान र इमान्दार नेता छुट्याइनु पर्छ ।

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संश्लेषण)

फलत संविधानमा संघियता लेखियो तर जनतासम्म पुग्नै नसकिने गरी, समावेशिता लेखियो तर जनतासम्म पुग्नै नसक्ने गरी, धर्म निरपेक्षता लेखियो तर अराजकता महसुस हुने गरी, गणतन्त्र लेखियो तर राजतन्त्रभन्दा फरक नपर्ने गरी। यसको मुख्य कारण के हो भने संविधान बनाउँदा एकल नश्लीय शासकीय चिन्तन बोकेकाहरुको प्रभावमा, यस्तो ज्ञानको श्रोतको रुपमा रहेकाहरूको दबाबमा र मधेशी-आदिवासी आन्दोलनमार्फत उपलब्धि संस्थागत गर्न खोज्नेहरुको अभावमा निर्माण भएकोले यस्तो हुन् गयो। संविधान सभा बाटै संविधान निर्माण गरिएको हो भन्नेहरुले पनि झुट र भ्रम मात्रै फैलाईरहेका छन्। वास्तवमा सिमित व्यक्तिहरु कट पेस्ट गर्दै संविधान लेखे र हुन्छ कि हुन्नको भरमा फास्ट ट्र्याक बाट संविधान सभामा पारित गरे। त्यहाँ लोकेन्द्र बिष्ट मगर नेतृत्वको उच्च स्तरीय समितिको प्रतिवेदन, उच्च स्तरीय आयोगको रिपोर्ट र संविधान सभाभित्र भएको सम्पूर्ण छलफललाई नजर अन्दाज गरिएको छ। जनताले दिएको सुझावलाई समेत स्वीकार गरेनन। संविधान सभा यस्तो हुँदैन। जनतालाई संविधान सभाको भ्रममा पारी औपनिवेशिक संविधान बनाए। तसर्थ नेतृत्व जनताको भावना अनुकुल परिवर्तन हुन् नचाहेकोले परिवर्तन पनि महसुस नभएको हो।

घ)आखिर पटक पटक हुने राजनीतिक परिवर्तनले पनि मधेसी, थारु, तामाङ, नेवा,मगर, गुरुङ, खस, लिम्बु, राइ, शेर्पा लगायत जनजातिहरूले स्वशासन( स्वराज)को अनुभुती गर्न किन पाएन ? दलित, मुस्लिम, पिछडावर्ग मुलधारमा किन आउन सकेन ? जातपातका कुरा उच निचका समस्या किन ज्युका त्यूँ छन् ? किसान, मजदुर, विपन्न, महिलाको अवस्था किन फेर्न सकेन ? नेपाल किन धनी, विकसित र समृद्ध बनेन ? सानो भूगोल, अपार स्रोतसाधन, साँस्कृतिक विविधता र परिश्रमी मान्छे भएर पनि जनतालाई किन सुख छैन ? जति परिश्रम गर्दा पनि किन धनी हुँदैन ?

हाम्रो विश्लेषण- यस्तो परिस्थिति निर्माणका अनेक कारण छन्। पहिलो कारण त हाम्रो देशको निर्माण संग सम्बन्धित छ, गोर्खा राज्यको विस्तार वा नेपालको एकीकरण जे भनिए पनि तत्कालिन राजा पृथ्वी नारायण शाहले एउटा राज्य (नेपाल) निर्माण गरे तर राष्ट्र निर्माणको निम्ति चार जात छतीस वर्णको फुलवारी भन्ने चेतना राख्नु भनेर राष्ट्र निर्माणको शुत्र दिए। तर त्यसपछिका सबै शासकले एकल फुलको चेतना जगाए, उल्टो यात्रामा लागे। राष्ट्रले साझा मनोविज्ञान, साझा राजनैतिक मनोकान्क्षा, त्यसैगरी साझा भूगोल, भाषा, नस्ल र संस्कृतिको समुदायलाई जनाउँछ। एउटा राजनीतिक राज्यभित्र त्यस्ता विभिन्न राष्ट्रियता संलग्न भएका हुन सक्छन्। यस्तो बुझेर नै पृथ्वीनारायण शाहले अनेक जात र वर्णको कुरा गरेको हो। तर त्यसपछिका शासकले आफ्नो वाहेक सबै सँस्कृतिलाई सिध्याउन्ने प्रयास गरे। एउटा मात्रै जातको फुलवारी बनाउन अनेक प्रयत्न गरे। राष्ट्रीयताको परिभाषा गरे र आफ्नै संस्कृति भएको मात्रै नेपाली राष्ट्रियताको हुने गलत भाष्य निर्माण गरे। त्यसको निम्ति बाकि पहिचानका लाई असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे।

आज पनि एकल राष्ट्र राज्यका कुरा वा राज्य राष्ट्रका कुरा पनि यहिँ मनोबिज्ञान बाट आएको हो। यो राष्ट्रियता को गलत भाष्य थियो, यहाँ कृतिम रुपमा राष्ट्रवाद निर्माण गर्न 'भारत बिरोधि राष्ट्रवाद'को भाष्य निर्माण गरियो तर त्यो नेचुरल भएन। त्यसैले यो भाष्य दलाली राष्ट्रियताको भाषमा फस्न गयो। दोस्रो कारण राज्य मात्रै एकल होइन उत्पीडित समुदाय पनि एकल नश्लीय प्रवृतिले ग्रसित भयो, त्यसैले त एकल एकल आन्दोलन गरे। ति आन्दोलन एकल नश्लीय शासन व्यवस्थाविरुद्ध थियो तर त्यस विरुद्ध गरिएका आफ्नै आन्दोलन पनि एकल आयामिक थियो। हामी पहिचानवादीहरु पनि एकल आयामिक गोलचक्करमा फसेकै कारण अधुरो रहन गयो। शासन पनि एकल नश्लीय त्यस विरुद्धको आन्दोलन पनि एकल आयामिक। त्यसैले त उत्पिडनमा परेका जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेन, देश पनि बन्न सकेन। राष्ट्र बन्न सक्ने शक्तिहरुको पहिचान पनि भएन त्यसले हामी समृद्ध हुन् पनि सकेनौ।

ङ) नेपालमा सुशासनको अवस्था नाजुक छ। दण्डहीनता र संस्थागत भ्रष्टाचार व्याप्त छ। संसदीय प्रणालीलाई कमजोर बनाउने हर्कत भइराखेका छन्। न्यायालयमा नकारात्मक राजनीतीकरण एवं भ्रष्टाचार छ। प्रहरी, निजामती सेवा, संवैधानिक अङ्गहरूमा नकारात्मक राजनीतीकरण व्याप्त छ। राजनीतिक अस्थिरता अझै व्याप्त छ। राज्यको प्रमुख कार्यहरूको सम्पादन राम्ररी हुन सकेको छैन। सरकारहरू माफियाबाट वेष्ठित छन्। सरकारको क्षमता क्षीण भइराखेको छ। आखिर किन राज्यको क्षमता यसरी कमजोर हुँदै गएको छ ? नागरिकको राज्य प्रति, राजनीतिक प्रणाली प्रति, राजनीतिक दलहरू र राजनीतिक नेतागण प्रति किन असन्तुष्टि बढिराखेको छ ? आफ्नो देश भन्दा पनि किन विदेश प्यारो हुन् थालेको छ ? किन उनीहरु अलगाव हुँदै गएका छन् ?

हाम्रो विश्लेषण- आधुनिकिकरण र विकास रुपी वायुपंखी घोडामाथि सवारहरुको निम्ति भौतिक सुख सुबिधा मात्रै प्राथमिकीकरणमा पर्ने गर्दछ। पूर्वीय सभ्यताले सिकाउने गरेको अपरीगृह, अन्तःकरण बिपरित भौतिक सुखको निम्ति संसारभरी शासकहरुले करोडौँ मानिसहरुको हत्या गरे, सयौं भाषा विनास गरे, हजारौं मानव समुहहरुलाई पहिचान विहिन बनाए, करोडौं जीवजन्तु, वनस्पति, सम्पदा, नदी, पोखरी, ताल, हिमाल, पहाड लगायत समुन्द्रमाथी समेत अतिक्रमण गरे। यस्तो विशाल ध्वंसकारी कार्यको नेपाली संस्करणको नेतृत्व राजा महाराजाहरु र तत्पश्चात काँग्रेस र कम्युनिष्टहरुले गरे। आज उनीहरुका कारण सबै व्यक्तिगत लाभ हानीमा सिमित भए। आधुनिकीकरणले मानिसलाई उपभोक्ता मात्रै बनायो, मानव भन्दा पनि दानव बनाइदियो। मानवता एवं प्रकृतिको विनास गरायो। यसैकारण भ्रष्टाचार तथा शक्तिको दुरुपयोग गर्न पुगे। हामीलाई पश्चिमा/विदेशमुखी बनाइयो। यहाँका स्वदेशी बहुलज्ञान-दर्शन, कला, साहित्य, सौन्दर्यताको संहार भयो, बहुल समाज व्यवस्थालाई निषेध गरायो, एतिहासिक बहुल राष्ट्रहरुलाई राज्यविहिन बनायो। औपनिवेशिक उत्पादनले युवायुवतीको मौलिकता समाप्त गर्यो। फलस्वरुप उनीहरू आत्मसम्मान गुमाउन सजिलै तयार भएका छन्। परिणामतः युवाहरु विदेश पलायन भइसकेका छन, दिनानुदिन पलायन हुनेक्रम तिब्र गतिमा जारी छ।

एकातर्फ नेपालमा आयातित र औपनिवेशीक मार्क्सवादी र पूँजिवादी ज्ञानसत्ताको उदयले नेपाली समाजको स्वदेशीय जरा काटिएर भएको हो भने अर्कोतर्फ नेपालको राजनीतिमा पश्चिमा ज्ञानमिमांसाको राजनीतिक हतियार बोकेर स्थानीय मौलिक सनातन सभ्यता, इतिहास र मुल्यमान्यताहरू कत्लेआम गर्ने, भत्काउने दलको रुपमा मुलतः एमाले र काँग्रेसहरु नै हुन पुगे। यसर्थ, वर्तमान नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र औपनिवेशीक छ, पर-शासीत छ, पर-निर्भर छ र यसले आम नेपाली जनताको सत्व र स्वाभिमानलाई बोक्न सकेन र सक्दैन पनि। परिणामतः राज्यसत्ताको स्थिरता छैन, देश विकासको निरन्तरता छैन। हामीले स्पष्ट रुपमा देखिरहेका छौं कि स्वदेशीको भावनाको अभावका कारण राज्य र समुदायवीच अलगाव र सम्बन्ध विच्छेदको मनोविज्ञान तीब्र रुपमा बढीरहेको छ। तसर्थ मुख्य कुरा आधुनिकीकरणको प्रोजेक्ट तहत समाप्त पारेको स्व-देशीय भावना र पैदा गरेको उपभोक्तावादी मानसिकता नै हो।

उपरोक्त अवस्था भनेको ठुलो उकुसमुकुसको अवस्था हो। यो अवस्था यथाअवस्थामा रहन सक्दैन। यो परिस्थितिले निश्चय नै एउटा क्रान्तिको मांग गरेको छ।

२.२ क्रान्तिको अवस्था

क्रान्तिको अवस्थामा समाजमा निश्चित लक्षणहरु देखा पर्दछ। रहर गर्दैमा क्रान्ति हुँदा पनि हुँदैन। वास्तवमा समाजमा निम्नअनुसार लक्षणहरु देखिएको छ छैन विश्लेषण गरौं, देखिएको भए क्रान्तिको अवस्थामा समाज परिपक्क रहेको ठहर गरौं।

(क) जहाँ जनता पुरानो सत्तासँग बस्न सक्दैनन् एव चाहदैनन्,

समाजवादमा छलाङ मार्ने नेतृत्वको तथाकथित सिद्धान्तमा युवाहरूको कुनै आशा र भरोसा देखिँदैन। पटकपटक एउटै कुरा, आयातित विचार अनुरुपको उपलब्धि पश्चात् विकास, समृद्धि र सुशासन सुरु हुनेछ भन्ने 'आयातित कथा' टुहुरो भइसकेको छ। मुलुकवासीसँग लाखौँ प्रश्नहरू छन्। सत्तासँग समाधान टाढा-टाढासम्म देखिँदैन। युवायुवती राज्यलाई अभिभावक मान्न तयार छैनन्। अभिभावकत्व विहीन राज्य प्रतिको अपनत्व विहीन भएको फलस्वरुप छिटोभन्दा छिटो सुरक्षित हुन चाहिरहेका छन्। जसको निम्ति मुलुक छोड्न चाहन्छन्। किनकि, उनीहरूले सिंहदरबारसँग विश्वास गुमाएका छन्। गुणस्तरीय जीवन बिताउन अवसरको खोजीमा छन्। आर्थिक सुनिश्चितताबिना उनीहरू लोकतन्त्र, परिवर्तन, देशभक्ति र राष्ट्रवादको मिठासमा रमाउन तयार छैनन्। नागरिक र राष्ट्रिय सुरक्षा नीतिभन्दा कुर्सी प्यारो भएको लोकतन्त्र आफ्नै बोझले थला परिसकेको छ। सरकारै सरकार भएको मुलुकले सुशासन शब्दको सम्मान गर्न नसक्दा सर्वसाधारण जनताको दृष्टिमा अराजकता नै लोकतन्त्र हो भन्ने परिरहेको छ। कुनै पनि सरकारसंग जनता खुसि छैन, सरकारप्रति जनताको अपनत्व छैन। हाम्रो औपचारिक शिक्षा बेकामे बनिसकेको छ। युवायुवती मुलुक छोड्ने परीक्षामा समावेश हुन चाहन्छन्। जीवनवृत्तिका लागि देशको करिब एकतिहाई जनसंख्या विदेशिएका छन्। युवाहरूको गन्तव्य विदेश छ। आफ्नो देशको नागरिकता परित्याग गर्न विवश बनाइएको छ। अविवेकी शिक्षा प्रणालीका कारण असमानता र अन्याय बढ्दै गएको छ, बेकामे बनिसकेको छ। जसले युवायुवतीको भविष्य अनिश्चित बनाएको छ। समाजमा खराब सामाजिक मनोवृत्तिले आकार लिइरहेको छ। युवायुवती आत्मविश्वास गुमाउँदै छन्। राज्यप्रति उनीहरूको अविश्वास चुलिएको छ, मुलुकलाई अन्तहीन द्वन्द्वतर्फ जान बाध्य पार्ने तमाम कारणलाई जीवित राखेर सत्ताको 'तर' मार्ने सत्ताधीशहरूले प्रश्नको समाधान खोज्नुको सट्टा सत्ताको दुरुपयोग गर्न हौसिएका छन। जसले गर्दा यही सत्तालाई मानेर उनीहरु अब बस्न तयार छैनन्।

(ख) जहाँ पुरानो सत्ता पुरानै तरिकाले सत्ता चलाउने अवस्थामा रहन सक्दैन,

नेपाली जनता मुलुकमा भविष्य नदेख्दा राजनीतिक र सामाजिक अस्थिरता चुलिएको छ। उनीहरूको इच्छा, सोच, चाहना, आवश्यकता पूरा गर्ने ल्याकत सिंहदरबारले गुमाएको छ। हाम्रो लोकतन्त्रको जरा कुहिएको छ। देशको शासकीय संरचना अत्यन्त खर्चिलो छ। निर्वाचन पनि खर्चिलो भएका कारण धेरै प्रकारका विकृति देखिएका छन्। न्याय प्रणालीले मर्कामा परेकालाई न्याय दिन नसक्नु, दिए पनि ढिला दिनु, पक्षपात गरिनुले पनि जनताप्रति राज्यको संवेदनशीलता कस्तो छ भन्ने अवगत गर्न सकिन्छ। सभ्यताको तीब्र धुर्बिकरण भैरहेको वर्तमान बहु धुर्बिय विश्वमा शीतकालीन दुई धुर्बिय विश्वको आलोकमा अपनाइएको असलग्न विदेश नीतिले गर्दा जिओ-पोलिटिक्सको फन्दामा परेको मुलुकमा युवायुवतीको बारेमा नसोचेर राजनीतिक र आर्थिक अपराध गरिरहेका छन्। तथापि, उनीहरू मुलुकवासीलाई सत्य बताउन सक्दैनन्। परिवर्तनको नाममा औपचारिक शक्ति गुमाएको सिंहदरबारले युवायुवतीको निम्ति कुनै कार्यक्रम निर्माण गर्न नसक्ने खुलिसकेको छ। यसले प्रश्नहरूको सामना गर्न सक्दैन वा रुचाउँदैन। विगतमा हामीले जन्माएका अनेकौं प्रश्नहरू आजसम्म जवाफ खोजिरहेका छन्। आज तिनै प्रश्नहरू 'सामाजिक बम'मा बदलिएका छन्।

संविधान र संसदीय पद्धति उल्लंघनका पुरानै कहानी। असमयमै सरकार गठन-विघटनका पुरानै घटना। भ्रष्टाचार र दण्डहीनताको उस्तै निरन्तरता। राष्ट्रिय ऋणको बढ्दो आँकडा। डलरको रेट बढेर त्यो आँकडा अझै बढेको छ। अमेरिकी डलरको सट्टा भारत-बंगलादेशको व्यापारमा भारतीय रुपैयाँको प्रयोग नीतिबाट नेपालले ठूलो राहत पाउनेछ। यसले नेपाली मुद्राको अवमूल्यन कम बनाउन मद्दत गर्न सक्छ। तर सत्य राज्य संचालकले न गर्न चाहन्छ न बोल्न चाहन्छ। अर्थतन्त्र संकटको डिलमा पुगिसक्दा पनि आर्थिक विषयमा गम्भीरता देखिएको छैन, आर्थिक संकटलाई अनुमान र आकलन गर्न नसक्नु दुःखद हो। यही तथ्यलाई राम्रोसँग बुझेको सोकल्ड लिडरसिपले विदेशी ज्ञान प्रणालीको गुलामी गर्दै सत्तामा विराजमान हुने र टिक्ने असफल कोसिस गरिरहेका छन्। यसको निम्ति यसो हल्का फुल्का टिपन टापन गर्ने, केही गरे जस्तो गर्ने तथा फ़स्टेट भैसकेको जनतालाई अल्मल्याउने, भ्रममा पार्ने प्रयास गर्न सक्छन। यथास्तितिमा मुलुक चलाउन सकिदैंन भन्ने राम्ररी बुझेका सत्ताधारीहरुले अनेकौं समीकरण बनाउदै भत्काउदै, अनेकौं पपुलर कुरा गर्दै पछाडी हट्दै के गरौं के गरौं जस्तो गर्न खोजेका छन् तर खास प्रश्नबाट कोसौ टाढा छन्। अब फाटेको टालोमा फेरि टालो हालेर हुँदैन, किनभने टालो हाल्दा हाल्दै अर्को टालो हाल्ने ठाउँ पनि सिद्धिइसकेको छ। राज्य सञ्चालनका संयन्त्रहरूले काम गर्न सकेनन् भने त्यो देशलाई असफल राज्य भनिन्छ। यस्तो विडम्बनापूर्ण अवस्थामा सुरक्षित भविष्यको ग्यारेन्टी नगर्ने सत्तासँग प्रश्न गर्दै गोली खाइरहने कि टाट पल्टिएको नेतृत्वलाई विस्थापित गर्दै गन्तव्य मुलुक बनाउने भन्न ढिला भइसकेको छ। त्यसैले सिद्ध भने भैसकेको छ कि अब पुरानै तरिकाले सत्ता अगाडी बढने अवस्था रहेन र नयाँ गर्ने अपेक्षा पनि रहेन।

(ग) जहाँ मुलुक र बजारमा आर्थिक संकट वा टाट पल्टेको अवस्था हुन्छ,

मुलुकमा आर्थिक अपराध मौलाउँदो छ। मानव बेचबिखन र सामाजिक अपराध सामान्य भइसकेको छ। साइबर अपराध र बैंकिङ कसुरले मुलुकलाई थप पिरोल्दै छ। मुलुकको आम्दानीभन्दा खर्च बढी छ। उत्पादन लागतको कारण कृषि बाँच्ने अवस्थामा छैन। सरकारको आम्दानी निरन्तर ओरालो लाग्दै छ। दुर्भाग्यवश आन्तरिक र बाह्य ऋणले थला परेको सत्ताले 'व्यवस्था पाल्ने कि सर्वसाधारण जनता'! भन्न सक्ने अवस्थामा छैन। हरेक सरकारले वैदेशिक ऋण अझै थप गर्ने गरेको छ। मुलुकको शोधनान्तर घाटा ऋणात्मक छ। मुलुक ऋणमा डुबेको छ। परनिर्भरता यति छ कि आयातबिना जीवन निर्वाह नै हुन सक्ने अवस्था छैन। अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँको अवमूल्यनले वैदेशिक ऋण महँगो साबित हुँदै गएको छ। नेपालको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) जिडिपीको ०.५ प्रतिशत छ, जुन दक्षिण एसियामा सबैभन्दा कम हो। एफडिआई थ्रेसहोल्ड एनपिआर दुई करोडमा घटाउँदा एफडिआईको प्रवाहमा थप कमी आउनेछ/ । पुँजी प्रवाहमा प्रतिबन्धले जिडिपीमा नकारात्मक प्रभाव पार्न सक्छ/ । आपूर्ति, माग र वासलातको तीन वटै संकट एकै पटक परेको छ। हामीसँग राष्ट्रिय उत्पादन बढाउने गरी पोखरा र भैरहवा विमानस्थल चलाउने अधिकार छैन। मुलुकको लाईफलाईन बन्न सक्ने 'फास्ट ट्र्याक' हामीले चाहेर मात्र नबन्ने रहेछ। राष्ट्रिय गौरवका यस्ता यस्ता आयोजना सम्पन्न हुँदा कहिल्यै नाफा कमाउन नसक्ने अवस्थामा पुग्ने स्पष्ट छन्। लामो समयदेखि हामी विदेशी सहयोग र विप्रेषणबाट बाँचिराखेका छौं। कल्पना गरौं, विप्रेषण भित्रन छाड्यो, विदेशीले सहयोग गर्न छाडे र छिमेकी राष्ट्रहरूले नेपालको दुरावस्थालाई निराकरण गर्न सहयोगको निरन्तरता गर्न चाहेनन् भने नेपाल आर्थिक रूपमा दिवालिया बन्न कत्ति नै समय लाग्न सक्छ ?

बैंकले दिएको ऋण असुल गर्न अनेक तिकडम गरिरहेका छन्। ऋण पनि खराब ऋणमा परिणत हुँदै गएको छ। बढ्दो ब्याज र घट्दो मागको गुणात्मक असरले बैंकको असुलीमै मार पर्न गयो/ । नीतिगत निर्णयले अन्योल बढ्नुका साथै व्यापारमा पनि कमी आएको देखिन्छ/ । लघुवित्त ऋणीहरु ऋणको बोझले दबिएका छन्। बैंकको चर्को ब्याजविरुद्ध आन्दोलन चल्न थालेको छ र मिटरब्याजपीडितले आन्दोलन गर्ने स्थिति राम्रो संकेत होइन/ । गरिबी निवारणका निम्ति भनेर स्थापित भएका सहकारीहरुमा आफैले बचत गरेको पैसा नपाएर नागरिक मृत्युवरण गर्नु परेको छ। सहकारीहरू डुबेका छन्। सहर बजारका आकर्षक व्यापारिक केन्द्रहरुका सटर रित्ता छन्। जतातततै 'यो पसल बिक्रीमा छ' अथवा 'टु लेट' लेखिएको देखिनु सामान्य भएको छ। उद्योग व्यापार सबै ओरालो लागेको छ। हाम्रो बजेट नै सेटिङमा बन्ने गरेको छ। विदेशी विनियम सञ्चिति झन्-झन् घट्दो छ। व्यापारघाटा उच्च छ। आयात बढेको बढ्यै छ। रेमिट्यान्स आप्रवाह बढ्न सकेको छैन। निर्माण कार्य ठप्प छ। महंगी चरममा छ। आर्थिक मन्दीको असरले गर्दा बजार सुनसान छ, मानिसको क्रयशक्ति घटेको छ, आम्दानी घटेको छ, खर्च बढेको छ। नेपाली श्रम बजारले धेरै वर्षदेखि उच्च अनैच्छिक बेरोजगारी सामना गरिरहेको छ, जुन निरन्तर बढिरहेको छ/ । देशको हालत आर्थिक रुपले बेहाल भएको छ, यस्तो हालत कहिले भएको थिएन। उत्पादन, वितरण र उपभोगको शृंखलाको चेन ब्रेक हुँदा आर्थिक मन्दीको चपेटामा लपेटिने अवस्था आउँछ, अहिले भएको यही हो। यतिसम्म कि कमजोर अर्थतन्त्र भएका मुलुक टाट पल्टने र धान्नै नसक्ने अवस्था आउन सक्छ। मुलुक टाट पल्टिँदा देशको मुद्रा अवमूल्ययन हुन पुग्छ। अधिक मुद्राले न्यून वस्तु खरिद गर्न सक्छ। बेरोजगारी आफ्नो मुद्रा अस्वीकार गर्न थाल्दछन्, जीवनस्तर घट्छ। स्वयं मुलुककै

क्रमशः...

# ‘मधेशमा दीर्घकालीन खानेपानी समस्या समाधानका लागि एक घर एक नल परियोजना बनाएका छौं’

**० असोज ११ र १२ गते आएको बाढीले मुलुकभर खानेपानीमा कति क्षति पुर्‍याएको अध्ययन देखाएको छ ?**

– बाढीले खानेपानी मन्त्रालयको क्षमताले नधान्ने गरी क्षति भएको छ । करिब ६ अर्ब बढीको क्षति भएको छ । खानेपानी विभाग,उपत्यका खानेपानी लिमिटेड र विभिन्न आयोजना अन्तर्गतका खानेपानी आयोजनाहरूमा क्षति पुर्‍याएको छ । विपद्ले गर्दा ६ अर्बको क्षति भएको छ । क्षतिको आँकलन गरेर विपद् व्यवस्थापनमा पठाएका छौँ । प्रधानमन्त्रीलाई समेत जानकारी दिएका छौं ।

**० क्षति भएका खानेपानी आयोजनाहरू नियमित बजेटबाट पुनर्निर्माण गर्नसक्ने अवस्था छ ?**

– बाढीले क्षति पुर्‍याएका आयोजनाहरू मर्मत वा पुनर्निर्माण गर्ने बजेट मन्त्रालयसँग छैन । अन्य शीर्षकको बजेट रकमान्तर गरेर पनि मन्त्रालयले क्षतिपूर्ति वा पुनर्निर्माण गर्छौं । क्षति भएका धेरै आयोजनाहरूको अस्थायी रूपमा मर्मत गरिसकेका छौँ । तर अझै धेरै काम गर्न बाँकी छ ।
पुन:निर्माणको लागि पैसा चाहिन्छ । स्रोत सुनिश्चितताको कागज माग गरेर ठेक्का लिएर काम गर्छौं भनेर निर्माण कम्पनीहरूले भनिरहेका छन् । स्रोत सुनिश्चितता नभई ठेकेदारहरु पनि काम गर्न तयार छैनन् । स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयसँग समन्वय गरिरहेका छौँ । अर्थ मन्त्रालयले स्रोत सुनिश्चित नगरेर मन्त्रालयको बजेट रकामान्तर गरिदिए पछि काम गर्नसक्छौं ।

**० पछिल्लो केही वर्ष देखि जनसंख्या सहर केन्द्रित भइरहेको छ, त्यहाँ भएको पुरानो खानेपानी पूर्वाधारले जनतालाई सेवा दिन सक्दैन, त्यहाँ नयाँ परियोजना आवश्यक हुन्छ, यो विषयमा मन्त्रालयले के सोचिरहेको छ ?**

– सहरहरूमा अव्यवस्थित तरिकाले घरहरू बन्यो । व्यवस्थित तरिकाले बनेनन् । सहरहरूमा जनधनत्व बढी भयो । जनसंख्या बढी भयो । पानीका मुहान पनि सुक्दै गएर खानेपानी कम भयो । अर्को जुन नदीबाट पानी आइरहेको थियो । नदीहरू पनि प्रदूषित भए । बस्तीको कारण नदीहरू प्रदूषित भएकाले समस्या छ । भूमिगत खानेपानीको सहारा लिनुपर्ने अवस्था छ । भूमिगत पानीलाई डिपट्युवेल गर्नु बाहेक अन्य विकल्प छैन । त्यहीबाट पानीको व्यवस्था गर्नुपर्ने अवस्था छ ।
खानेपानीको स्रोत मुहानहरू सुक्दै गएका छन् । नदीका स्रोतहरू प्रदूषित भएका छन् । त्यस्ता ठाउँहरूमा भूमिगत पानीलाई व्यवस्थापन गर्ने विषयमा सरकार लागिरहेको छ ।

**० तराईका बढी जनघनत्व भएका सहरहरूमा खानेपानीको समस्यासँगै ढल र सरसफाइको पनि समस्या छ, यो विषयलाई मन्त्रालयले कसरी हेरेको छ ?**

– खानेपानी मन्त्रालयले एसियाली विकास बैंकको सहयोगमा ठुला सहरहरुको ढल र सरसफाइको समस्या समाधानको लागि डिपीआर बनेको छ ।
पोखरा,बुटवल,वीरगन्ज,जनकपुर र विराटनगरको खानेपानी र ढल व्यवस्थापनको लागि एकीकृत डिपीआर बनेको छ । तर केही प्राविधिक समस्याहरू रहेका छन् । एडिबीका केही सर्तहरू छन् । एडिबीको सर्तका कारण खानेपानी मन्त्रालयसँग कुरा मिलेको थिएन । केही दिनअघि मात्रै एडिबीसँग छलफल गरेको छु । मन्त्रालय र एडिबीको टिम बसेर असहमति रहेका विषयमा छलफल गरेर प्रक्रिया अगाडि बढाउने विषयमा लागेको छु ।
तराई मधेसमा कुनै समय ८० फिटमा समेत पानी फालाफाल उपलब्ध थियो । अहिले त्यो चापाकलको पानी सुकेको अवस्था छ । जुन जलवायु परिवर्तन र चुरे दोहनको कारण पानी सुक्दै गएको छ ।
तराईका जिल्लाहरुमा २५० देखि ३ सय फिटमा पानी छैन । ४ सय फिट मुनी खन्दा मात्रै पानी पाइन्छ । त्यसको लागि बोरिङ गर्नुपर्ने हुन्छ । पुराना खानेपानीका ओभरहेड ट्याङकहरु सञ्चालनमा ल्याउनुपर्छ ।
तराईका जिल्लाहरुमा संघीय सरकारले बनाएका २८० वटा ओभरहेड खानेपानी ट्याङक ३० वर्षअघि बनाएको छ तर जनतालाई खानेपानी दिइरहेको छैन । बनेर डिपबोरिङ भएको छ । तर जनताको घरमा खानेपानीको पाइप बिछ्याउने काम भएको छैन । कहीँ ट्रान्सफर्मर छैन । त्यसले गर्दा २८० वटा ओभरहेड खानेपानी ट्याङ्क आकाशे घाम र पानी खाइरहेको छ । तर म मन्त्री भएपछि मन्त्रालयबाट फाइल अघि बढाएको छु । सम्पूर्ण तराई मधेसको लागि २२ जिल्लामा बनेका २८० वटा ओभरहेड खानेपानी ट्याङक सञ्चालनमा ल्याउन योजना आयोग र अर्थ मन्त्रालयमा पठाएको छु । करिब ३ अर्बको आयोजना छ । तीव्र गतिमा काम भयो भने चार महिनाभित्र काम सक्छौं । यति काम गर्नसक्यो भने तराईमा रहेको खानेपानीको समस्या समाधान हुन्छ । बनेको २८० वटा ओभरहेड खानेपानी ट्याङ्कहरु जनताको लागि हो ।
तराई मधेशमा दीर्घकालीन खानेपानी समस्या समाधानको लागि एक घर एक नल परियोजना बनाएका छौं । त्यो परियोजनाको परिचालन र नियमन ४५ घरपरिवारले गर्ने योजना बनेको छ । यो वर्षको लागि बजेट छैन तर अर्को वर्षको लागि योजना हाल्ने तयारी छ । विदेश दातृ निकायहरूसँग समन्वय गर्न आवश्यक छ । सुनकोशी ड्राइभर्सन सिंचाईको लागि सरकारले परियोजना लागू गर्यो । धेरै कामहरु सम्पन्न भएको छ । त्यही सिँचाइबाट खानेपानी निकाल्ने र तराईका ६ जिल्लालाई पानी दिने भन्ने सर्वे भएको छ । त्यो सर्वे अघि बढेको छ । केही दिनअघि मात्रै निर्णय भएर मन्त्रालयमा आएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्झौताको तयारी छ । सम्झौता भएसँगै डिपीआरको लागि टेण्डर गर्छौं । त्यसको लागि एक करोड रकम छ । डिपीआर भएसँगै ४२ अर्बको आयोजना अघि बढ्छ । त्यो आयोजना बन्यो भने करिब ६ जिल्लामा पानी प्रशस्त हुन्छ । नेपाल पानी भएको देश हो । जुन देशमा पानीको समस्या छैन । त्यही देशमा जनता पानीको लागि त्रसित बनिरहेका छन् । पानीको लागि आन्दोलन गरिरहेका छन् । त्यो आन्दोलनलाई सरकारले शून्यमा ल्याउँछ । पानीको समस्या हुन नदिनको लागि मन्त्रालयले तराई मधेस,पहाड र हिमालमा काम गरिरहेका छौं । मन्त्रालयसँग सानो बजेट छ तर पनि खानेपानीका धेरै काम गर्ने कोसिस गरिरहेका छौं ।



**प्रदीप यादव**
**मन्त्री, खानेपानी**

**० काठमाडौंमा मेलम्चीको पानी आएपछि खानेपानी बढी हुन्छ भन्ने थियो तर अहिले मेलम्ची आएपछि थोरै भएपनि खानेपानीको समस्या समाधान गरेको छ, मौसमको कारण चार महिना बन्द गर्नुपर्ने अवस्था छ । पानी आउँदा पनि काठमाडौं उपत्यकामा पर्याप्त पानी पुगेको अवस्था छैन, काठमाडौंमा खानेपानीको आवश्यकता छ, काठमाडौं उपत्यकामा कसरी पर्याप्त खानेपानीको व्यवस्थापन गर्नुहुन्छ ?**

– मेलम्ची खानेपानी आयोजना राष्ट्रिय गौरवको आयोजना हो । यो आयोजना ३० वर्ष पुरानो हो । अहिले आयोजना सम्पन्न भएर पानी पनि काठमाडौंमा आयो । तर २०७८ सालमा मेलम्चीमा ठुलो बाढी पहिरोको विपद् आयो । मेलम्चीको मुहानमा क्षति गर्‍यो । मुख्य हेडबक्समा धेरै क्षति भएन । जुन अध्ययन भएर आयोजना सम्पन्न भएको थियो । त्यो अध्ययन माथि नै प्राकृतिक विपत्तिले चुनौति दियो । प्राकृतिक प्रकोपको अगाडि कसैको केही लाग्दैन । त्यसैले वर्षातको चार महिना मेलम्ची खानेपानीको हेडबक्समा पानी नदिने अवस्था आयो । चार महिना काठमाडौंमा खानेपानीमा समस्या आयो । त्यसैले खानेपानी समस्याको दीर्घकालीन समाधानको लागि १७ करोड लिटर मेलम्चीको पानी दिइरहेको छ । तर त्यो अपुग छ । काठमाडौं उपत्यकामा ५१ करोड लिटर पानीको माग छ । तर सरकारले १७ करोड लिटर मात्रै दिइरहेको छ । त्यसको लागि सुन्दरीजलमा अर्को ट्रिटमेण्ट प्लान बनाउन गइरहेका छौं । अबको एक हप्ता १० दिनमा टेण्डर गर्छौं । त्यो करिब ६ अर्बको आयोजना छ । यो आयोजना बन्दा २५ करोड ५० लाख लिटर पानी दिन्छौं । अहिले १७ करोड लिटर पानी दिइरहेका छौं ।
काठमाडौंमा उपत्यकाको माग २५ करोड ५० लाख लिटर पानीको छ । करिब-करिब पूरा गर्छौं ।
भूमिगत पानी पनि करिब ४ करोड लिटर आउँछ ।
तारकेश्वर र शिवपुरीबाट पनि पानी आउँछ । तर भविष्यमा मेलम्चीको पानी सुक्नसक्ने अवस्थालाई ध्यानमा राखेर मेलम्चीमा अहिलेको भन्दा १० किलोमिटर माथि सार्नको लागि टेण्डर गरी अध्ययन थालेका छौं । त्यो हुँदा काठमाडौंमा मेलम्चीको हिमालको पानी खुवाइराख्ने योजना छ । २४ घण्टा पानी आइराख्ने बनाउने योजना छ । त्यहाँ पनि भविष्यमा समस्या आयो भने वैकल्पिक व्यवस्था गर्नुपर्छ । त्यसको लागि विभिन्न ठाउँमा पानी पोखरीहरू बनाउने,पानी स्टोर गर्ने योजना छ ।
कुलेखानीको ड्याम सिस्नेरीबाट पानी काठमाडौंमा ल्याउने योजना बनाइरहेका छौं । त्यसको लागि डिपिआर तयारी अवस्थामा छ । करिब ३२ अर्बको परियोजना छ । त्यसको लागि विदेशी दातृ निकाय खोज्न आवश्यक छ । त्यसको लागि भ्याली बोर्डलाई जिम्मा दिएको छ । *-रातोपाटीबाट*

# मोहियानी जग्गा विवाद : आफ्नै फैसलाविरुद्ध सर्वोच्चको अर्को आदेश

काठमाडौं । सुनसरी दुहवी नगरपालिका-३, भलुवाका खेमनारायण चौधरीले लामो सङ्घर्षपछि जग्गाको मोहियानी हक पाएका थिए । २०२४ सालको नापीबाट कायम हुँदा चौधरीका बुवा आसिलाल थारू चौधरी मोठमा उक्त जग्गा खनजोत गर्ने किसान थिए । तर, तत्कालीन जग्गाधनीहरूले आसिलाललाई मोहियानीबापत जग्गा नदिई अरूलाई नै बिक्री गरिदिए ।

मोहियानी हक पाउनका लागि लामो समयदेखि सङ्घर्ष गर्दै आएका आसिलालको अधिकार नपाउँदै मृत्यु भयो । त्यसपछि छोरा खेमनारायण चौधरीले कानुनी प्रक्रिया अगाडि बढाए । मालपोत कार्यालय, उच्च अदालत विराटनगर र सर्वोच्च अदालतले उक्त जग्गामा खेमनारायण चौधरीको मोहियानी हक लाग्ने फैसला गरेपछि खेमनारायणले मुद्दा जिते । २०८० पुस ९ गते खेमनारायण चौधरीको नाममा आठ हजार आठ वर्गमिटर अर्थात् एक बिघा एक कट्ठा १३ धुर जग्गा दर्ता गरी लालपुर्जा जारी भएको थियो ।

तर, अदालतबाट अन्तिम फैसला भइसकेको जग्गाको बिवादमा सोही जग्गाका अर्का झगडियाले सर्वोच्च अदालतमा दर्ता गरेको मुद्दा दोहोर्‍याइ पाउँ भन्ने निवेदन दिए । अर्को इजलासले झगडिया झिकाई छलफल गराउनु भन्ने आदेश दिएपछि किसान चौधरीले लालपुर्जा हातमा बोकेर पनि जग्गाको हक भोग गर्न पाएका छैनन् ।

**के हो विबाद ?**

साबिकमा सतदेव रौनियारको नाममा रहेको कित्ता नं. ३७ को २ बिघा १६ कट्ठा १० धुर जग्गाको मोहियानी हक नछुट्याई पटक पटक बिक्री भइसकेको थियो/ । त्यसरी बिक्री हुने क्रममा चार कट्ठा विजयकुमार अग्रवालको नाममा र दुई बिघा सात कट्ठा छ धुर प्रदीपकुमार शारडा सञ्चालक रहेको न्युट्री फुड्स प्रालिको नाममा कायम गरिएको थियो । कोशी राजमार्गमा जोडिएको करोडौं मूल्य पर्ने जग्गामा मालपोत र उच्च अदालतले मोहियानी हक कायम गरेपछि त्यसविरुद्ध जग्गाधनी विजय अग्रवाल सर्वोच्च गएका थिए । सर्वोच्चले अग्रवालको निवेदन खारेज गरिदियो भने न्युट्री फुड्स प्रालिले दायर गरेको अर्को निवेदनमा भने सर्वोच्चले पुनः सुनुवाइको आदेश दिएको छ ।

मोहियानी हक कायम भएको एउटै जग्गाबाट कित्ताकाट भई फरक फरक धनीको नाममा दर्ता भई गएकोले सोही जग्गासम्बन्धी अर्को निवेदनमा सर्वोच्चले फरक आदेश दिएपछि चौधरीले फेरि कानुनी झन्झट बेहोर्नुपर्ने र लालपुर्जा पाएर पनि जग्गा उपभोग गर्न नपाउने अवस्था आएको छ ।

सर्वोच्चका न्यायाधीश सपना मल्ल प्रधान र सुषमालता माथेमाको इजलासले अग्रवालको पुनरावेदन निस्सा खारेज गर्दै उच्चकै फैसला सदर गरेका थिए, तर न्यायाधीशहरू कुमार चुँडाल र नहकुल सुवेदीको इजलासले भने न्युट्री फुड्स प्रालिको निवेदनमा पुनरावेदनको निस्सा दिएको थियो ।

सतदेव रौनियारको नाममा दर्ता भएको कित्ता नम्बर दुहवी ४ (घ) ३७ को जग्गा २०४२ सालमा अंशबन्डा भई एक बिघा पाँच कट्ठा १३ धुर सुखदेव रौनियारको नाममा कित्ता नम्बर १११ र बाँकी जग्गा महादेव रौनियारको नाममा कित्ता नम्बर ११२ कायम भएको थियो । सुखदेवको जग्गा राजेशकुमार डगराले २०४८ माघ १९ गते खरिद गरेका थिए । उनिबाट सो जग्गा २०६१ मङ्सिर १७ गते विजयकुमार अग्रवालले खरिद गरे । अग्रवालले कित्ता नं. ११ को सो जग्गामध्ये चार कट्ठा आफैँसँग राखेर बाँकी एक बिघा एक कट्ठा १३ धुर जग्गा २०६५ मङ्सिरमा न्युट्री फुड प्रालिलाई बिक्री गरेका थिए । त्यसबेला कित्ता नम्बर ३६४ को जग्गा न्युट्री फुड्स प्रालिको नाममा र कित्ता नम्बर ३६५ को जग्गा अग्रवालको नाममा कायम भयो ।

महादेव रौनियारको नाममा रहेको कित्ता नम्बर ११२ को एक बिघा पाँच कट्ठा १३ धुर जग्गा भने २०४८ माघ २९ मा जितेन्द्र परासरको नाममा पास भएको थियो । उनले २०५७ मङ्सिरमा उक्त जग्गा धर्मचन्द्र डाँगालाई बिक्री गरे । डाँगाको मृत्युपछि २०६५ असारमा उक्त जग्गा राजेशकुमार डाँगा र वसन्तकुमार डाँगाको नाममा नामसारी भएको थियो । यस्तै सोही वर्षको असोजमा उक्त जग्गा पनि न्युट्री फुड्स प्रालिको नाममा नामसारी भएको थियो ।

मोही लागेको जग्गाका धनी रौनियार दाजुभाइले नै २०४८ माघमा १० दिनको फरकमा जग्गा बिक्री गरेको देखिन्छ । यसै गरी सुखदेव रौनियारबाट राजेशकुमार गडरा हुँदै विजय अग्रवालले खरिद गरेको जग्गा २०६५ मङ्सिरमा न्युट्री फुड्स प्रालिले खरिद गरेको छ । यस्तै महादेव रौनियारबाट जितेन्द्र परासर हुँदै वसन्तकुमार डाँगाको नाममाा आएको जग्गा पनि २०६५ मै न्युट्री फुड्स प्रालिको नाममा आएको देखिएको छ ।

मोहीको निवेदनबमोजिम भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा सुनसरीले खेमनारायण चौधरीलाई जग्गा बाँडफाँटको निर्णय गरेकोमा त्यसविरुद्ध अग्रवाल र न्युट्री फुड दुवै उच्च अदालत गएका थिए । उच्चले चौधरीको मोहियानी हक कायम हुने फैसला गरेपछि मालपोत कार्यालयले २०८० कात्तिक २४ गते चौधरीलाई जग्गा धनीपुर्जा वितरणसमेत गरिदिएको थियो । यसका साथै उक्त जग्गामा मोही लगत कट्टा पनि भयो । मालपोतको निर्णयमा चित्त नबुझेपछि निवेदक विजयकुमार अग्रवालले उच्चको फैसलाको विरुद्धमा सर्वोच्च अदालतमा मोही नामसारीबारे मुद्दा दोहोर्‍याइ पाउँ भन्दै मुद्दा दर्ता गराएका थिए । सो निवेदनमाथि न्यायाधीश सपना मल्ल प्रधान र सुषमालता माथेमाको संयुक्त इजलासले सुनुवाइ गर्दै २०७९ असार ३० गते उच्च अदालत विराटनगरले दिएको फैसलालाई नै सदर गरिदिएको थियो ।

अग्रवालको मुद्दामा सर्वोच्चले पुनरवलोकनको निस्सा नदिएपछि २०८० साउन २ गते न्युट्री फुड्स प्रालिले फेरि सर्वोच्चमा उत्प्रेषणसहित पुनरवलोकनको निवेदन दियो ।

२०८० माघ १४ गते न्युट्री फुड्स प्रालिका तर्फबाट प्रदीपकुमार शारडाले भूमिसुधार तथा मालपोत कार्यालयसमेतलाई विपक्षी बनाएर सर्वोच्चमा अर्को मुद्दा दर्ता गराएका थिए । उक्त मुद्दामा आदेश दिँदै २०८१ कात्तिक ११ गते न्यायाधीश डा. कुमार चुँडाल र डा. नहकुल सुवेदीले झगडिया झिकाउने आदेश दिएको हो ।

**मुद्दालाई अनावश्यक तन्काइयो : भट्टराई**

सर्वोच्चले आफैले फैसला गरेको मुद्दामा फेरी अर्को आदेश दिनु मुद्दालाई अनावश्यक तन्काउने काम भएको मोहियानी पक्षका वारेस सुमन भट्टराईले बताए ।

उनले मुद्दाको अन्तिम किनारा लागेर लालपुर्जा समेत पाइसकेको अवस्थामा फेरी अर्को आदेश आउँदा मोहियानी किसानले दुःख पाएको बताए ।

उनले आदेश दिए पनि यसअघि नै फैसला आइसकेको मुद्दामा अर्को फैसला नआउने बताए । यद्पी लालपुर्जा पाइसकेको जग्गामा फेरी दुःख दिने काम भएको उनको भनाई छ ।

'सर्वोच्चका वरिष्ठ न्यायाधीशहरुले जग्गा विवादमा फैसला सुनाइ सके । फेरी झगडिया झिकाउने र अन्तरिम आदेश दिएर पीडितलाई थप पिडा भयो,' उनले भने, 'अब पुर्णपाठ नआउन्जेल लालपुर्जा पाइसकेको जग्गामा पनि आफ्नो अधिकार नलाग्ने भयो । यो अन्याय भयो ।'

# संक्रमणकालीन न्याय नागरिक निगरानी समितिद्वारा ध्यानाकर्षण

मोरङ । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति पारदर्शी र स्विकार्य हुनुपर्ने माग गर्दै संक्रमणकालीन न्याय नागरिक निगरानी समिति कोशी प्रदेशले जिल्ला प्रशासन कार्यालय मोरङमार्फत आयोगका अध्यक्ष र सदस्यहरुको सिफारिश गर्न गठित समिति सिंहदरबार, काठमाडौलाई कात्तिक २८ गते ध्यानाकर्षण गराएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (१) बमोजिम आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिका लागि नाम सिफारिश गर्न गठित समितिले कात्तिक २३ गते एक सूचना प्रकाशन गरी योग्यता पुगेका व्यक्तिबाट एक हप्ताभित्र आवेदन दिन माग गरेको सन्दर्भमा ध्यानाकर्षण पत्र बुझाइएको हो ।

जिल्ला प्रशासन कार्यालय, मोरङका सहायक प्रमुख जिल्ला अधिकारी प्रदिप शाहमार्फत आयोगको अध्यक्ष र सदस्यहरुको सिफारिश गर्न गठित समितिलाई ध्याकर्षण पत्र बुझाइएको इन्सेक कोशी प्रदेश कार्यालयका संयोजक सोमराज थापाले बताए ।

संक्रमणकालीन न्याय नागरिक निगरानी समिति कोशी प्रदेशका संयोजक तथा कोशी प्रदेश सरकारका पूर्व मुख्य न्यायाधिवक्ता चुडामणी आचार्यको नेतृत्वमा इन्सेक, एडभोकेसी फोरम नेपाल, मानव अधिकार तथा वातावरण मञ्च, गैसस महासंघ, सिविन नेपाल, महिला मानव अधिकार रक्षक सञ्जाल, ओरेक नेपाल, मानव अधिकारका लागि महिला एकल महिला समूह, मानव अधिकार सञ्जाल, मानव अधिकार एलायन्स, बेपत्ता परिवार समाज, नेपाल पत्रकार महासंघ मोरङ शाखालगायत १३ ओटा संस्थाका प्रतिनिधिले सहायक प्रमुख जिल्ला अधिकारी शाहमार्फत ध्यानाकर्षण पत्र बुझाएको इन्सेक कोशी प्रदेश अधिकृत मनोहरकुमार पोखरेलले बताए ।

जिल्ला प्रशासन कार्यालयमार्फत पठाइएको ध्यानाकर्षण पत्रमा एक हप्ताको अवधि राखेर माग गरिएको सूचनाले पर्याप्त निवेदन प्राप्त नहुने र योग्य व्यक्तिले निवेदन दिने सम्भावना नरहने भएकाले म्याद थप गर्न माग गरिएको छ । आयोगको नियुक्ति पारदर्शी र स्वीकार्य हुनेमा आशावादी गर्दै निगरानी समितिले निवेदकको निवेदनका आधारमा कसरी, कुन प्रकृया  विधिबाट छोटो सूची प्रकाशन गरिन्छ, छनोट प्रकृया पारदर्शी भए नभएको सुनिश्चित गर्न सिफारिश समितिले कस्तो मापदण्ड तयार पार्दैछ र सिफारिश गरिएका व्यक्तिको सार्वजनिक सुनवाइ गर्ने कुनै योजना तयार पारेको छ कि छैन भनेर जिज्ञासा गरिएको छ । ध्यानाकर्षण पत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी शाहले सङ्क्रमणकालीन न्यायको दीर्घकालीन समस्या समाधानका लागि परिपक्व ढंगले आएको मागहरु बारे सम्बोधन हुने आशा व्यक्त गर्नुहुँदै सम्बन्धित निकायमा आवश्यक कारबाहीका लागि ध्यानाकर्षण पत्र पठाउने बताए ।

सशस्त्र द्वन्द्वको १० वर्ष र विस्तृत शान्ति सम्झौताका १८ वर्षलाई सङ्क्रमणकालीन न्यायको प्रक्रियाबाट परिणाममुखी बनाउन बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा प्रस्तावित महत्वपूर्ण संशोधनहरू संसदका दुवै सदनबाट पारित भइ राष्ट्रपतिबाट ०८१ भदौ १३ गते प्रमाणीकरण भइ सङ्क्रमणकालीन न्यायको प्रक्रिया पुन सुरूआत भएको छ । तत्कालीन विद्रोही पक्ष र राज्यपक्षबाट ०६३ मङ्सिर ५ गते गरिएको विस्तृत शान्ति सम्झौताका आधारमा सम्झौता भएको मितिले ६० दिनभित्र बेपत्ता र पीडितहरूको अवस्था सार्वजनिकसँगै पीडित परिवारलाई न्याय र परिपूरणको व्यवस्था गरिने विषयहरू सम्झौता भएको १८ वर्ष बितिसक्दा समेत अझै पुरा हुन सकेको छैन् । सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन सरकारले दुई ओटा आयोग गठन गरेपनि राजनीतिक इच्छा शक्ति र दुवै आयोगहरूमा पदाधिकारी नियुक्तिका बखत राजनीतिक भागवण्डाका कारण आयोगमा परेका ६३ हजार बढी उजुरी अझै अलपत्र अवस्थामा छन् ।

सरकारले सङ्क्रमणकालीन न्यायको प्रक्रिया पुनः सुरूआत गरेको सन्दर्भमा केन्द्रमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल र इन्सेक सचिवालय रहेर राज्यलाई खबरदारी गरिरहेको छ । पुनः विवादित व्यक्ति वा राजनीतिक भागवण्डाका आधारमा नभई योग्य र निष्पक्ष आयोग निर्माण गर्न, आयोगलाई कामकाजी बनाउन र जनताको विश्वास जित्दै संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउन कोशी प्रदेशमा पूर्व मुख्य न्यायाधिवक्ता चुडामणी आचार्य अध्यक्ष र इन्सेक कोशी प्रदेश कार्यालय सचिवालय रहेर राज्यलाई खबरदारीको सुरूआत गरेको हो ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
